श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदन-पत्र

विषयः नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम उत्प्रेषण ,परमादेश, प्रतिषेधको आदेश जारी गरी पाँउ ।

कोशी प्रदेश, नेकपा (एमाले) प्रदेश संसदीय दलका नेता जिल्ला झापा गौरादह न.पा. वडा न ३ बस्ने बर्ष ५८ का हिक्मत कुमार कार्कीको वारेस का.जि.का.म.न.पा. वडा नं २९ बस्ने बर्ष ३१ का पवन कुमार निरौला..........................................................१ निवेदक

विरुद्ध

१) माननीय पर्शुराम खापुङ्ग, प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश विराटनगर..........................................................................................१

२. माननीय मुख्यमन्त्री, उद्धव थापा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी, प्रदेश विराटनगर ..........................................................................................१

३) माननीय, बाबुराम गौतम, सभामुख, कोशी प्रदेश, कोशी प्रदेश सभा सचिवालय, विराटनगर..........................................................................................१

मुद्दा : उत्प्रेषण, परमादेश

म निवेदक नियमानुसार निवेदन वापत लाग्ने दस्तुर बुझाएको निस्सा यसै साथ राखी विपक्षीहरुलाई क्रमश गणीयत नम्वरवाट सम्वोधन गर्दै निम्न बमोजिमको निवेदन गर्दछु ।

१) मुलुकको दोस्रो आम निर्वाचन, २०७९ पश्च्यात मिति २०७९।९।२४ मा नेपालको संविधान (यस पछि ठाँउ ठाँउमा संविधान पनि भनिएको) को धारा १६८(२) बमोजिम म

निवेदनको नेतृत्वमा तत्कालिन प्रदेश नं १ परिवर्तित कोशी प्रदेशको सरकार गठन भएको हो । यसरी मेरो नेतृत्वमा गठन भएको सरकारले कोशी प्रदेश सभा (गत पछि प्रदेश सभा पनि भनिएको) मा विश्वासको मत लिनुपर्ने अवस्था यहि २०८०।२।१९ मा सिर्जना हुन गयो । तत पश्चात मैले आफु प्रति प्रदेश सभाको विश्वासको मत पाउ भनी मिति २०८० साल आषाढ १४ गते प्रस्ताव पेश गरेकोमा ऐ असार १५ गते सो प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रदेश सभामा कायम रहेको कुल प्रदेश सभा सदस्य संख्या ९३ को बहुमत अर्थात कम्तिमा ४७ मत प्राप्त गर्नु पर्नेमा मलाई ४६ मत मात्र प्राप्त भै मैले पेश गरेको प्रस्ताव अस्वीकृत हुन गयो । तत्पश्च्यात विपक्षी नं १ बाट कोशी प्रदेशको नयाँ सरकार गठनको लागि मिति २०८०।३।१७ का दिन नेपालको संविधानको धारा १६८(२) बमोजिम सरकार गठनको लागि भनि मिति २०८०।३।२१ गते बेलुकी ५ बजे सम्ममा दावी पेश गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा सो भन्दा बढी राजनीतिक दलहरलाई आव्हान गरिएको थियो ।

२) २०७९ सालको निर्वाचनमा कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सदस्य संख्या क्रमश नेपाल कम्युनिष्ट पार्टी (एमाले) ४० नेपाली कांग्रेस २९ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) १३ राष्ट्रिय प्रजातन्त्र पार्टी ६ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ४ जनता समाजवादी पार्टी नेपाल १ रहेको छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संसदीय दलका सदस्य विपक्षी नं ३ माननीय बाबुराम गौतम मिति २०७९।९।२८ मा प्रदेश सभाको सभामुख पदमा निर्वाचित भएपछि स्वभाविक रुपमा प्रदेश सभा सदस्यको सरकार गठनको लागि दिने अभिमत, मताधिकार रहेको एक सिट नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको घटेको अवस्था हो । यो कुरालाई विपक्षी नं ३ ले आफु निर्वाचित भएपछि ऐ २०७९।९।२८ को प्रदेश सभाको बैठकमा सभामुखको आस्वासनबाट "मैले निष्पक्षताको पदमा आशिन हुदै गर्दा मेरो हालसम्म रहेको दलसंगको आवद्दता यो सभामुख पदको भुमिका निर्वाह गर्ने कार्यकालसम्म आजैको मितिदखि अलग भएको समेत यसै गरिमामय सभा समक्ष घोषणा गर्दछु" भनी दलको सदस्यता परित्याग गर्नु भएबाटै खुलेको छ । तर विपक्षी नं १ ले सरकार गठनको लागि आव्हान भएको सुचना बमोजिम विपक्षी नं २ उद्दव कुमार थापालाई मुख्यमन्त्रीको रुपमा नियुक्त गर्ने प्रस्तावमा प्रदेश सभाका अन्य सदस्यको अलावा विपक्षी नं ३ सभामुखले छुट्टै " म नेपाली कांग्रेस संसदीय दलको नेता, उद्दव कुमार थापाले पेश गरेको प्रस्तावलाई समर्थत गर्दछु" भनी हस्ताक्षर गर्नु भएछ । उक्त बमोजिम विपक्षी नं ३ सभामुखको हस्ताक्षर सहित प्रदेश सभाको बहुमत आफुलाई

रहेकोले नेपालको संविधानको धारा १६८(२) बमोजिमको सरकारको लागि प्रदेश सभाको ४७ मत आफुमा रहेकोले आफुलाई मुख्य मन्त्रीमा नियुक्तिको लागि विपक्षी नं २ ले विपक्षी नं १ समक्ष मिति २०८०।३।२१ मा दावी पेश गर्नु भएछ । यसरी विपक्षी नं २ विपक्षी नं १ समक्ष पेश गरेको दावीमा विपक्षी नं १ ले विपक्षी नं ३ सभामुख ले विपक्षी नं १ समक्ष पेश गरेको दावीमा विपक्षी नं १ ले विपक्षी नं २ लाई समेतले समर्थन गरेको हस्ताक्षर सहितको दावीलाई स्वीकार गरी विपक्षी नं २ लाई मुख्यमन्त्रीमा सोही दिन अर्थात मिति २०८०।३।२१ मा नियुक्त गर्ने निर्णय गर्नु भएको र उक्त दावी पेश गर्ने कार्य एवं निर्णय गर्ने कार्यले म निवेदकलाई नेपालको संविधानको धारा १६ (१) तथा १६८(३) बमोजिमको हक अधिकारको प्रचलनका आघात पुगेकोले हकको प्रचलनमा लागि ऐ संविधानको धारा ४६, एवं १३३(२)(३) बमोजिम प्रस्तुत निवेदन गर्न आएको छु ।

3) विपक्षी नं ३ सभामुखको भुमिका प्रदेश सभामा राजनीतिक रुपमा तटस्थ र निष्पक्ष रहनुपर्ने कुरामा संविधानले नै स्पष्ट गरेको छ । प्रदेश सभामा हुने निर्णयमा मत बराबर भएमा निर्णायक मतं मात्र प्रदान गर्ने पाउने अधिकार नेपालको संविधानको धारा १८६ मा उल्लेख छ । कुनै पनि निर्णय प्रदेश सभामा हुन नसक्ने वा अनिर्णयको बन्दी प्रदेश सभा बन्न नजाओस भनी संविधानले यो व्यवस्था गरेको हो । सो बाहेक प्रदेश सभाको बैठक बाहिर हुने कुनै पनि छलफल, प्रस्ताव, दावी, प्रतिदावीलाई समर्थन गर्ने, प्रस्तावको पक्ष वा विपक्षमा मत जाहेर गर्ने अधिकार विपक्षी नं ३ लाई संविधान एवं प्रचलित कानूनले कहिँ कतै पनि दिएको छैन । यसो नहुनुमा सरकार गठनमा प्रदेश सभाको नेताको रुपमा रहने विपक्षी नं ३ लाई राजनीतिक रुपमा तटस्थ र निष्पक्ष भुमिकामा राख्ने संविधानको व्यवस्था हो । यस्तो तटस्थ एवं निष्पक्ष भुमिकामा रहनु भएका विपक्षी नं ३ सभामुखले अभिव्यक्त गरेको वा समर्थन गरेको मतलाई देखाएर प्रदेश सभाको सरकार गठनको नेतृत्व आफुले गर्ने भनी विपक्षी नं २ ले पेश गरेको दावी एवं सो दावीलाई स्वीकार गर्ने विपक्षी नं १ को निर्णय संविधान, कानुन, विधिको शासन र संसदीय प्रणालीका मान्य सिद्दान्त विरुद्दका काम कारवाहीहरु हुन । विपक्षी नं २ ले आफुलाई मुख्यमन्त्रीमा नियुक्ति गरियोस भनी पेश गरेको दावीमा समर्थन गर्ने प्रदेश सभामा सरकार गठनका लागि मत प्रकट गर्ने योग्य सदस्य संख्या ४६ सरह मत प्रकट गर्ने अयोग्य विपक्षी नं ३ एक सदस्यलाई सम्मिलित गराउन मिल्ने होइन । यस्तो मत प्रकट गर्ने अयोग्य विपक्षी नं ३ को समर्थन, हस्ताक्षर समेत गणना गरी प्रदेश सभाको न्यूनतम बहुमत संख्या ४७ रहेको भनी बहुमतको समर्थन देखाउन विपक्षी नं २ ले मिल्ने होइन । विपक्षी नं २ ले विपक्षी नं १



CS CamScanner

समक्ष आफ्नो नेतृत्वमा सरकार गठनको लागि दावीपत्र पेश गर्दा विपक्षी नं ३ को समर्थन देखाई दावी गर्नु नै संविधानको धारा १८६ बमोजिम अयोग्य सदस्य सहित समर्थन रहेको दावी हो । यस बारेमा ऐन मौकामा निवेदकले मिति २०८०।३।२१ मा विपक्षी नं १ लाई लिखित रुपमा यी असंवैधानिक कामहरु हुँदै गरेकोमा त्यस्तो दावी पेश हुन आएमा अस्वीकार होस भनि लिखित रुपमा ध्यानकर्षण समेत गराएको थिए । यसो गर्दा गर्दै सरकार गठनमा अभिमत प्रकट गर्ने अयोग्य विपक्षी नं ३ को समर्थन रहेको भनी विपक्षी नं २ को मुख्यमन्त्रीमा आफुलाई नियुक्ति गरियोस भनी पेश गरेको दावीलाई स्वीकार गर्ने र सो दावी स्वीकारी निर्णय गर्ने अधिकार विपक्षी नं १ लाई संविधानको धारा १६८(२) ले दिएको छैन । विपक्षी नं २ ले मिति २०८०।३।२१ मा मुख्यमन्त्रीमा आफुलाई नियुक्ति गर्नको लागि विपक्षी नं १ समक्ष दावी पेश गर्दा दलगत योग्य सदस्यको समर्थन संख्या ४६ मात्रै रहेको स्पष्टै छ । विपक्षी नं ३ सभामुखको समर्थनको हस्ताक्षर कुनै दल विशेषसंग सम्वन्धित हुन सक्ने होइन । संविधानको धारा १६८(२) मा, दलहरुको समर्थनमा बहुमत प्राप्त भन्ने पदावली रहेको छ । यो राजनीतिक दल र दलहरुको समर्थनमा मात्र मुख्यमन्त्री नियुक्त हुने संवैधानिक व्यवस्थामा राजनीतिक रुपमा तटस्थ र निष्पक्ष भुमिका रहेका विपक्षी नं ३ पर्नु हुन्न । बरु विपक्षी नं ३ सभामुख कुनै पनि दलको सदस्य नभई सदस्यहरुलाई समेत रुलिङ्ग गर्ने, निर्देशन गर्ने, कारवाही गर्ने उपल्लो दर्जाके प्रदेश सभाको मुख्य नेताको भूमिकामा संविधानले राखेको छ । यस्तो तटस्थ र निष्पक्ष र दल विहिन भुमिकामा रहनु भएका विपक्षी नं ३ ले दलको सदस्य सरह अभिमत प्रकट गरेको हस्ताक्षरको मत समेतका आधारमा विपक्षी नं २ उद्दव थापालाई मुख्यमन्त्रीमा विपक्षी नं १ को नियुक्त दिने निर्णय, पत्राचार सबै संविधानको धारा १६८(२) विपरीतको कार्य भएकोले बदरयोग्य छन । बदर गरी पाँउ ।

४) संविधानको धारा १६८ (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थमा बहुमत प्राप्त गर्नस्क्ने प्रदेश सभाको सदस्यलाई विपक्षी नं १ ले मुख्यमन्त्री नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ । उक्त वमोजिमको सरकार गठन हुन नसकेमा ऐ धारा १६८(३) बमोजिम सबैभन्दा बढी सदस्य भएको ससदीय दलको नेताको हैसियतले म निवेदकको नेतृत्वमा सरकार गठन हुने सं वैधानिक व्यवस्था छ । विपक्षी नं ३ सभामुखले विपक्षी नं २ लाई समर्थन नगरेको अवस्थामा स्वत म निवेदक ऐ धारा १६८(३) बमोजिम सरकारको नेतृत्व गर्न पाउने मेरो संवैधानिक हक छ । यस्तो मेरो

संवैधानिक हकमा विपक्षी नं ३ ले विपक्षी नं २ को दावीमा समर्थन गर्ने, मत प्रकट गर्नु हस्ताक्षर गर्नु भएको कारणले मेरो संविधान बमोजिम सरकारको नेतृत्व गर्ने हक हनन हुन पुगेको छ । अन्य हिसावले म निवेदकले सरकारको नेतृत्व गर्न पाउने हक ऐ संविधानको धारा १६८(३) ले दिई रहेकोमा विपक्षी नं ३ ले विपक्षी नं २ को दावीमा संविधानको धारा १८६ विपरीत समर्थन गर्ने अभिमत प्रकट गर्ने कार्यले मेरो हकमा आघात पुर्‍याउने काम भएको छ । विपक्षी नं ३ म समेत सदस्य रहेको प्रदेश सभाको नेताले मेरो हकमा आघात पार्ने गरी र अर्को सदस्यको समर्थनमा अभिमत प्रकट गर्नुले निजले पद अनुकल अचारण नगरेको स्पष्ट छ । यस्तो अवस्थामा विपक्षी नं ३ लाई संविधानको धारा १८२(६)(ग) बमोजिम पद अनुकुल आचरण नगरेको समेतका आधारमा दुई तिहाई सदस्यले पदबाट हटाउन सक्ने अवस्था भएपनि प्रदेश सभामा रहेको सदस्य संख्याको गणितीय संख्याले आफुलाई कारवाही हुन सक्ने अवस्था असम्भव ठानी उक्त बमोजिमको विपक्षी नं ३ ले विपक्षी नं २ को दावीमा मत दिएको अवस्था हो । सो बमोजिम समर्थन गरिएको मत दिइएको कुरा संविधानको धारा १८६ विपरीत रहेकोले सम्मानित अदालतले यस विषयमा न्यायिक पुनरावलोक गर्न सक्षम छ । अतएव, विपक्षीहरुका काम कारवाही देखादेखि कानून विपरीत रहेकाले ती काम कारवाहीहरु बदरयोग्य रहेकोले बदर गरी पाँउ ।

५) प्रदेश सभा नियमावली २०७४ को नियम २ को खण्ड (थ)(न) मा सदस्य र सभामुखलाई छुट्टा छुट्टै अर्थ र परिभाषा गरेको छ । सदस्य भन्नाले प्रदेश सभा सदस्य सम्झनुपर्ने र सभामुख भन्नाले प्रदेश सभामुख सम्झनुपर्छ भन्ने अर्थ र परिभाषामा स्पष्ट रुपमा दुवै पदको फरक फरक परिभाषा गरेको छ । यसबाट पनि सरकार गठन गर्नेको लागि योग्य प्रदेश सभामा रहेका सदस्य सरह विपक्षी नं ३ सभामुख योग्य हुनुहुन्न । यो किनपनि संविधानको व्यवस्थामा नपरेको देखिन्छ भने सरकार प्रमुख मुख्यमन्त्री हो भने प्रदेश सभाको प्रमुख वा नेता सभामुख हो । संसदीय व्यवस्थामा सरकारका प्रमुख तीन अंग बीच शक्तिको बाँडफाट र एक अर्को बीच सन्तुलन र नियन्त्रण गर्ने पद्दति दुनियाले मानी आए सरह हाम्रा भविष्यद्रष्टा संविधान निर्माताले यो व्यवस्थाको अनुसरण गरी संविधानमा यो प्रावधानलाई मान्यता दिएको पाइन्छ । यसो गर्नेकै लागि विधायिकी नेतृत्वकर्ताले सरकारको नेतृत्व चयनमा राजनीतिक तटस्थताको परिकल्पनालाई आत्मसाथ गरेको अवस्था हो । फेरि, यो तटस्थता रहने प्रण विपक्षी नं ३ ले सभामै प्रकट गरी आफु रहेको राजनीतिक दलको सदस्यता त्याग गरिसक्नु भएको अवस्थामा अब फेरी अमुक संसदीय दलको नेताको मुख्यमन्त्रीको दावीमा

समर्थन गर्नुले प्रदेश सभाको सभामुख पदको मान मर्दन भएको छ । तटस्थता रहेको पदलाई विपक्षी नं ३ ले दलिय भागवण्डामा लैजानु भएको छ । त्यसो गर्न विपक्षी नं ३ ले सक्नु हुन्न । किनकि, विपक्षी नं ३ को काम संविधानको धारा १८२(४) ले प्रदेश सभाको अध्यक्षता गर्ने काम मात्र हो । कदाचित, प्रदेश सभामा मत बराबर भएमा ऐ धारा १८६ बमोजिम निर्णायक मत मात्र दिन सक्नु हुन्छ । कसैलाई समर्थन गर्ने, दावीपत्रलाई स्वीकार्ने, मुख्यमन्त्रीको दावीमा मेरो समर्थन छ भन्ने अधिकार विपक्षी नं ३ लाई संविधानको वर्णित धाराले दिएको छैन । यस्तो दावी समर्थन गर्ने कुरा निर्णायक मत हुन सक्ने होइन । यस आधारमा समेत विपक्षी नं ३ ले विपक्षी नं २ लाई मुख्य मन्त्रीमा समर्थन गर्ने गरी प्रकट गरेको अभिमत संविधान तथा कानून विपरीत भएकोले उक्त संविधान विपरीत मत समेतका आधारमा विपक्षी नं २ लाई विपक्षी नं १ ले मुख्य मन्त्रीमा नियुक्त गर्ने गरी गरेको निर्णय, पत्राचार ऐ संविधानको धारा १६६ समेतको विपरीत रहेकोले ती काम कारवाही निर्णय, पत्राचार बदरयोग्य छन । बदर गरी पाँउ ।

६) विपक्षी नं ३ ले सरकार गठनको लागि समर्थन गरी हस्ताक्षर गरेकोलाई उचित मान्य हो भने भोलिका दिनमा उँहाका सबै काम कारवाही स्वत: सरकार पक्ष हुने भई उँहाको तथास्त निश्पक्ष र पदीय गरिमा स्वत: कमजोर हुने अस्वथा सिर्जना हुन्छ । यसले कोशी प्रदेश सभाको संसदीय साम कारबाही असंसदीय हुने प्रष्ट देखिएकोले समेत विपक्षी नं १ ले गरेको निर्णय स्वत: बदर भागी छ ।

अत: प्रकरणमा लेखिएका तथ्यगत आधार,कानूनी, संवैधानिक व्यवस्था विपरीत विपक्षी नं २ ले प्रदेश सरकाको नेतृत्वको लागि आफुलाई समर्थन गर्न आग्रह गरेकोमा सो आग्रह, दावीलाई स्वीकार गरी विपक्षी नं ३ सभामुखले आफ्नो अभिमत लिखित रुपमा विपक्षी नं २ उद्दव कुमार थापाको समर्थनमा रहेको भनीहस्ताक्षर गर्नु भएको र उक्त बमोजिमको हस्ताक्षरलाई समेत आफ्नो मुख्यमन्त्रीको दावीको प्रदेश सभाका सदस्यको समर्थनको संख्यामा समावेश गरी गरीकुल प्रदेश सभा सदस्य संख्या ४७( न्युनतम) बहुमत रहेको देखाई मुख्यमन्त्रीको नियुक्तिका लागि मिति २०८०।३।२१ मा विपक्षी नं १ समक्ष दावी पेश गर्नु भएकोमा सभाको सभामुखको हस्ताक्षर समेतलाई समावेश गरी पेश गरेको उक्त दावी असंवैधानिक एवं कानून विपरीत हो भन्ने देखिदा देखिदै सो कुरालाई अनदेखा गरी विपक्षी नं १ ले विपक्षी नं २ लाई मुख्यमन्त्रीमा नियुक्ति गर्ने गरी भएको मिति २०८०।३।२१को निणर्य उत्प्रेषणको आदेशले बदर गरी ऐ



CamScanner

संविधानको धारा १६८(३) बमोजिम गरी निवेदकलाई प्रदेश सभाको सबै भन्दा ठुलो दलको संसदीय दलको नेता सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी हक प्रचलन गराई पाँउ । उपरोक्त बमोजिमको आदेश जारी हुन समयलाग्न सक्ने भएको तर विपक्षी नं १ ले विपक्षी नं २ लाई मुख्यमन्त्रीमा मिति २०८०।३।२१ मा नियुक्ति गरी सो पदको जिम्मेवारी दिईएको कुरा सार्वजनिक भै सकेकोले उक्त बमोजिमको पदीय जिम्मेवारीको काम काज विपक्षी नं २ ले गर्न पाएको अवस्थामा असंवैधानिक कामले निरन्तरता पाउने मात्र नभई निवेदकले मुख्यमन्त्रीमा नियुक्ति भै काम काज गर्न पाउने हकमा अपुरणीय क्षति पुग्ने अवस्था भएकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म विपक्षी नं २ लाई मुख्यमन्त्रीमा नियुक्ति गर्ने विपक्षी नं १ को मिति २०८०।३।२१ को निणर्य पत्राचार कार्यान्वयन नगरी यथास्थितिमा राख्नु र विपक्षी नं २ लाई मुख्यमन्त्रीको रुपमा कुनै पनि काम काम कारवाही गर्न नदिनु नदिलाउनु भनी विपक्षी नं १ समेतका नाममा स.अ नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी न्याय इन्साफ पाँउ ।

७) प्रस्तुत विषयमा अन्यत्र उजुर निवेदन गरिएको छैन ।

८) यस निवेदनको प्रयोजनको लागि निम्न कागजातहरु यसै साथ राखेको छु ।

१) सरकार गठनको लागी प्रदेश प्रमुखको कार्यालयबाट मिति २०८०/३/१७ मा जारी विज्ञप्तिको प्रतिलिपि ।

२) कोशी प्रदेश सभामुख बाबुराम गौतमले राजनीतिक दलसंग आवद्द नरहेको मिति २०७९/९/२८ को घोषणा प्रति, मुख्यमन्त्रीलाई समर्थन गरेको मिति २०८०।३।२१ मा सार्वजनिक भएको सूचनाको प्रतिहरु,

३) मिति २०८०।३।२१ मा कोशी प्रदेश प्रमुखले मुख्यमन्त्रीमा उद्दव थापालाई नियुक्ति गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि ।

४) मिति २०८०/३/२१ मा प्रदेश प्रमुखलाई निवेदकले ध्यानाकर्षण गराएको लगायतका सूचना तथा पत्रहरुको प्रतिलिपि ।

निवेदक

निज वा. पवन कुमार निरौला

इति सम्वत २०८० साल आषाढ महिना २२ गते रोज ६ मा शुभम्...........................।